# पाल्पा जिल्ला अदालत

## तहसिल शाखा

## सवारी साधन लिलाम बिक्री गर्ने सम्बन्धि सूचना

(सूचना प्रकाशन मिति २०७३।१०।२६)

विभिन्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाँधिएका निम्न सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली २०५२ को नियम ९०.ख तथा आर्थिक कार्यविधि नियमावली २०६४ समेत वमोजिम डाँक बढावढद्वारा एकमुष्ट लिलाम बिक्री गरिने भएकाले मिति २०७३।१०।२६ गतेको मूल्याङ्कन समितिको निर्णयानुसार ईच्छुक व्यक्ति तथा फर्महरुवाट डाँक वढावढको लागि आहान गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सवारी साधनहरुको विवरणः-

| सि. नं. | जिन्सी नं. | मुद्दा नं. | सामानको विवरण | सवारी साधनको प्रकार | सङ्ख्या | न्यूनतम मूल्य | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| १ | ८६/१.क | ६५-०६७-००६३५/७१ | लु.२प. ४१७२ नं.को मोटरसाईकल | काईनेटिक भेलोसिटी | १ | रु.३,७५०। | दर्ता नभिडेको हुँदा कवाडको रुपमा लिलाम (पत्रु) |
| २ | ९३/१.ख | ६५-६३-००५१/१५ | लु.३प.६२६३ नं.को मोटरसाईकल | वजाज पल्सर | १ | रु.१५,०००। | दर्ता नभिडेको हुँदा कवाडको रुपमा लिलाम (पत्रु) |

१. लिलाम द्वारा बिक्री गरिने मिति, समय र स्थानः-२०७३ साल फागुन ८ गते दिउसो १.०० वजे देखि २.०० वजे सम्म यस अदालतको तहसिल शाखामा र सो दिन सार्वजनिक विदा पर्न गए सोको भोलिपल्ट सोहि समय र स्थानमा हुनेछ ।

२. लिलाममा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७३।११।६ गते दिउसो ३.०० बजेसम्म नेपाली नागरिकताको प्रमाणपत्र, संस्था भए कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणपत्रका प्रतिलिपि समेत राखि निवेदन दस्तुर रु.१००।- फिर्ता नहुने गरी यस अदालतको तहसिल शाखामा निवेदन दिनुपर्ने छ ।

३. निवेदन दर्ता नगराई सो मिति समयमा उपस्थित हुने व्यक्ति वा फर्मलाई अन्य कुनै मौका प्रदान गरिने छैन र निर्धारित समयसम्ममा निवेदन दर्ता नगराउनेलाई लिलाममा सहभागी गराईने छैन ।

४. लिलाम हुने सवारी साधनको एकमुष्ट लिलाम वोल्नुपर्ने छ । पृथक पृथक सामानको लिलाम वोल्न पाईने छैन ।

५. लिलाममा आफुले कवुल गरेको अंकको १० प्रतिशतले हुने रकम नगदै धरौट राख्नु पर्ने छ । लिलाम सम्पन्न हुँदा सबैभन्दा वढी अंक कवुल गर्ने व्यक्ति वा फर्मको वाहेक अन्यको धरौटी सोहि दिन फिर्ता गरिनेछ ।

६. डाँक सकार गरि लिनेले ७ (सात) दिन भित्र बाँकी रकम दाखिला गरि रकम दाखिला गरेको मितिले ५ दिनभित्र सामान उठाई लैजानुपर्ने छ ।७ दिन भित्र आफुले कवुल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानुन वमोजिम जफत गरिने छ ।

७. यस सम्वन्धि थप कुराहरु वुझ्नुपरे कार्यालय समयभित्र यस अदालतको तहशिल शाखामा सम्पर्क गर्न सकिने छ ।

तहसिलदार

तहसिलदार